# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४०) काठमाडौं, फागुन २७ गते २०४७ साल (संख्या ४७

## भाग ३

श्री ५ को सरकार

अर्थ मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले मुद्रा ऐन, २०४० को दफा ४ ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय वाणिज्य बैंकको रजत जयन्तीको उपलक्ष्यमा निम्न डिजाइन, नाप तौलको चाँदीको सिक्का टकमरी गरी निष्काशन गर्न नेपाल राष्ट्र बैंकलाई स्वीकृति दिइएकोले यो सूचना प्रकाशित गरिएको छ ।

रू. ३००।– को चाँदीको सिक्का

अग्र भागः– वरिपरि ६४ थोप्लाभित्र श्री श्री चन्द्र, सूर्य, शंख, चक्र, गदा, पद्म र तल्लो भागमा २०४७ रही स्वस्तिक चिन्हभित्र श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेव र बीचमा त्रिशूल रहनेछ ।

पृष्ठ भागः– वरिपरि ६४ थोप्लाभित्र माथि अर्ध गोलाकार रूपमा श्री भवानी, बीचमा राष्ट्रिय वाणिज्य बैंकको चिन्ह, चिन्हको तल रजत जयन्ती २०२२–२०४७ यसैको तल अर्ध गोलाकार रूपमा नेपालीमा नेपाल र अंग्रेजीमा NEPAL चिन्हको दायाँ रू. ३०० र बायाँ अंग्रेजीमा Rs.300 रहनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।